**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

BROADCAST: 18:40 hrs.  Date: 01.01.2026

**नव वर्ष 2026**

आज नव वर्ष 2026-लाई विश्वले स्वागत गरिसकेको छ। राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति सी.पी. राधाकृष्णन तथा प्रधानमन्त्री नरेन्द्र मोदीले नयाँ वर्षको अवसरमा देशवासीलाई हार्दिक शुभकामना व्यक्त गर्नुभएको छ।

आफ्नो सन्देशमा राष्ट्रपति मुर्मुले नयाँ वर्ष नयाँ ऊर्जा र सकारात्मक परिवर्तनको प्रतीक भएको उल्लेख गर्दै यसले आत्ममूल्यांकन र नयाँ संकल्प गर्ने अवसर प्रदान गर्ने बताउनुभयो। उहाँले राष्ट्रको विकास, सामाजिक सद्भाव तथा पर्यावरण संरक्षणप्रति सबैले आफ्नो प्रतिबद्धता अझ सुदृढ गर्नुपर्नेमा जोड दिनुभयो।

सोसल मिडियामा जारी सन्देशमा उपराष्ट्रपति सी.पी. राधाकृष्णनले नयाँ वर्षले सबैका लागि शान्ति, उत्तम स्वास्थ्य, सुख र समृद्धि ल्याओस् भन्ने कामना गर्नुभएको छ।

प्रधानमन्त्री नरेन्द्र मोदीले पनि नयाँ वर्षले सबैका लागि उत्तम स्वास्थ्य र समृद्धि ल्याओस् भन्ने शुभेच्छा व्यक्त गर्नुभयो। उहाँले सबैको प्रयास सफल र पूर्ण होऊन् भन्ने कामना गर्दै समाजमा शान्ति र सुख कायम रहोस् भनी प्रार्थना गर्नुभएको छ।

यसै गरि, मुख्यमन्त्री प्रेम सिंह तामाङले नयाँ वर्ष 2026 को अवसरमा राज्यवासीलाई हार्दिक शुभकामना व्यक्त गर्नुभएको छ। उहाँले 2026 ले नयाँ सुरुवात, नवीकृत आशा र स्पष्ट उद्देश्यसहित अघि बढ्ने सामूहिक संकल्प लिएर आएको बताउनुभयो। नयाँ वर्षको अवसरमा जारी सन्देशमा मुख्यमन्त्री तामाङले भन्नुभयो कि सिक्किमवासीबीच रहेको एकता र सहकार्यको भावना नै आगामी यात्राको मार्गदर्शक बन्नेछ। यही सामूहिक शक्ति विगतका वर्षहरूमा हासिल गरिएका निरन्तर प्रगतिहरूको आधार रहेको उहाँले उल्लेख गर्नुभयो।

**BAS**

मुख्यमन्त्री प्रेम सिंह तामाङले गान्तोकस्थित आफ्नो सरकारी निवासमा Basketball Association of Sikkim (BAS) का कार्यकारी सदस्य तथा टोलीहरूसँग भेटघाट गर्नुभएको छ। पुरुष तथा महिला बास्केटबल टोलीहरू आगामी जनवरी 4 देखि 11 तारिखसम्म चेन्नईस्थित जवाहरलाल नेहरू इन्डोर स्टेडियममा आयोजना हुने 75औँ राष्ट्रिय बास्केटबल च्याम्पियनसिपमा सहभागी हुन चेन्नई प्रस्थान गर्नेछन्।

**याक्थुङ साप्सोक साप्लोङ चुम्बो**

याक्थुङ साप्सोक साप्लोङ चुम्बो सिक्किमको आयोजनामा महान इतिहासकार तथा साहित्यकार इमानसिंह चेम्जोङको 122औँ जन्मजयन्ती आज गेजिङ आरीगाउँस्थित सञ्चमान लिम्बु डिग्री कलेजको सभाकक्षामा विविध साहित्यिक कार्यक्रमका साथ मनाइएको छ। कार्यक्रमका अवसरमा प्रत्येक वर्ष प्रदान गरिने चेम्जोङ साहित्यिक पुरस्कार यस वर्ष याङथाङ साक्योङ निवासी इन्द्रकुमार लिम्बुलाई प्रदान गरिएको छ। त्यसैगरी चेम्जोङ स्पेसल अवार्ड पूर्व विधायक अशोककुमार चोङलाई प्रदान गरिएको थियो।

कार्यक्रममा भवन, आवास तथा श्रम विभागका मन्त्री भीम हाङ लिम्बु प्रमुख अतिथिका रूपमा उपस्थित रहनुभएको थियो। कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै याक्थुङ साप्सोक साप्लोङ चुम्बो सिक्किमका अध्यक्ष राजु लिम्बुले संस्थाले लामो समयदेखि निरन्तर रूपमा साहित्यिक क्षेत्रमा काम गर्दै आएको बताउनुभयो।

**रेल मन्त्री**

रेल मन्त्री अश्विनी वैष्णवले देशको पहिलो वन्दे भारत स्लीपर रेल सेवा छिट्टै गुवाहाटी र कोलकाताबीच सञ्चालनमा आउने घोषणा गर्नुभएको छ।  विषेश गरि हावडा र गुवाहाटीबीच सञ्चालन हुने यस पहिलो वन्दे भारत स्लीपर रेलले आफ्नो यात्राका क्रममा आठवटा स्टेसनमा रोकनेछ। ती स्टेसनहरूमा , न्यू जलपाइगुडी, पनि पर्ने छ जस्ले गर्दा सिक्किम राज्यका यात्रुहरुलाई सुविधा उपलब्ध हुने विश्वास गरिएको छ।

**अडिट**

भारतीय लेखा तथा लेखापरीक्षा सेवाकी  सिंह अनिता रामचन्द्रले आजदेखि लागू हुने गरी लेखा महानियन्त्रक (अडिट), सिक्किमको पदभार सम्हाल्नु भएको छ। लेखा महानियन्त्रक, सिक्किममा नियुक्त हुनुअघि उहाँ मुम्बईस्थित लेखा महानिदेशक (शिपिङ) कार्यालयमा निर्देशक (प्रतिवेदन) का रूपमा कार्यरत हुनुहुन्थ्यो। उहाँसँग सार्वजनिक क्षेत्रका विभिन्न संस्थाहरू तथा अन्तर्राष्ट्रिय निकायहरूमा लेखा र लेखापरीक्षणको क्षेत्रमा व्यापक अनुभव रहेको छ। उहाँको व्यावसायिक अनुभवमा दूतावास लेखापरीक्षण, जेनेभा-स्थित SHI को वित्तीय तथा अनुपालन लेखापरीक्षण, फ्रान्सको लियोन-स्थित IARC को वित्तीय तथा अनुपालन लेखापरीक्षण लगायतका महत्वपूर्ण कार्यहरू समावेश छन्।